# स्वागत मन्तव्य

कृषि विकास बैंक लि.को ४५औं बार्षिकोत्सव समारोहका सभापति तथा संचालक समितिका अध्यक्षज्यू,

१. **कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू,**
२. **विशिष्ठ अतिथि अर्थ मन्त्रीज्यू,**
३. **अतिथि अर्थ राज्यमन्त्रीज्यू,**
४. **राष्ट्रिय योजना अयोगका उपाध्यक्षज्यू,**
५. **वरिष्ठ आर्थिक सल्लाहकारज्यू,**
६. **नेपाल राष्ट्र बैंकका गभर्नरज्यू,**
७. **अर्थ मन्त्रालयका सचिवज्यू,,**
८. **बैंक संचालक समितिका सदस्यज्यूहरु,**
९. **बैंकर्स एसोशियसनका अध्यक्षज्यू,**
१०. **राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतज्यू**
११. **नेपाल बैंक लिमिटेड संयोजकज्यू**
१२. **यस बैंकका पूर्व अध्यक्षज्यूहरु तथा महाप्रबन्धकज्यूहरु र प्रमुख कार्यकारी अधिकृतज्युहरु**
१३. **पत्रकार एवं संचारकर्मी महानुभावहरु तथा बैंकका कर्मचारी साथीहरु र सुभेच्छुक** महानुभावहरु

आज यो गरिमामय बार्षिक दिवस समारोहमा सवैलाई बैंक परिवार तथा मेरो तर्फवाट समेत स्वागत अभिवादन गर्दछु ।

कृषि तथा ग्रामिण क्षेत्रको विकासमा वित्तीय सेवा पुऱ्याउने मूल उदेश्यका साथ विशेष ऐन अन्तर्गत, २०२४ साल माघ ७ गते स्थापना भएको यो बैंकले ४४ बर्ष पूरागरी आजैका दिन ४५औं बर्षमा प्रबेश गरिरहेको छ । यस सुखद घडीमा बैंकका समस्त ग्राहकहरु, शेयरधनीहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, दातृ निकायहरु र सम्पूर्ण शुभेच्छुक मित्रहरुमा यस बैंकको गरिमा बढाउने कार्यमा निरन्तर सहयोग गर्नु भएकोमा आभार व्यक्त गर्दछु ।

शुरुमा विकास बैंकको रुपमा स्थापना भएको यो बैंक, मिति २०६२ असार ३१ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत दर्ता भएपछि यसले नयाँ स्वरुप ग्रहण गरेको हो । यसैगरि यो बैकलाई २०६२ साल चैत ३ गते “क” वर्गको पूर्ण वाणिज्य बैंकिङ् कारोवार गर्ने गरि नेपाल राष्ट्रबैंकवाट लाईसेन्स प्राप्त भएपछि यसको कार्यक्षत्र फराकिलो वन्न सकेको हो ।

आजको वित्तीय बजारमा पूर्ण प्रतिस्पर्धाका साथ उपस्थित यो बैंकले कृषक तथा उद्यमी व्यवसायीलाइ सरल तरिकाले कर्जा एवं अन्य सेवा प्रदान गर्ने र शेयर धनीलाई समेत उचित मुनाफा उपलब्ध गराउने क्रममा आफ्ना कार्यक्रम अगाडी बढाई रहेको छ । यसलाई मूर्तरुप दिन बैंकका सम्पूर्ण कर्मचारीहरु यस बैंकवाट सेवा प्राप्त गर्ने सेवाग्राहीलाई संमान गर्ने, वहाहरुले प्राप्त गर्न चाहेको सेवालाई छिटो छरितो प्रकृयावाट उपलब्ध गराउने काममा सकृय रहनु पर्ने हुन्छ ।

कृषि विकास बैंक आज ४५ बर्षमा आई पुग्दा यसको हैसियत निक्कै बढेको छ र कार्यक्षत्र पनि फराकिलो भएको छ । यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आर्जन गरेको प्रतिष्ठालाई संझदा यस बैंकमा कृयाशील रहने पूर्व व्यवस्थापक र कर्मचारीलाई संमान र श्रद्धापूर्वक संझना गर्नुपर्ने हुन्छ । यसैको प्रतिफल बनेर आज यो बैंकको अधिकृत पूँजि रु.१३ अरव पुग्न सकेको र चुक्ता पूजि समेत रु ९ अर्व ४७ करोड ७५ लाख भैसकेको छ ।

बैंकको साधारण जारी पूँजी रु. ३ अर्व २० करोड मध्ये हाल नेपाल सरकारको स्वामित्वमा रु.१ अर्व ६२ करोड ५० लाख रहेको र झण्डै २ लाख २८ हजार शेयरधनीहरुको स्वामित्वमा साधारण शेयर मध्ये रु १ अर्व ४१ करोड २५ लाख रहेको छ । साथै निकट भविष्यमा कर्मचारीहरुलाई प्रदान गर्ने गरि छुट्टयाइएको रु. १६ करोड २५ लाखको शेयर जारी भए पश्चात नेपाल सरकारको स्वामित्वमा रहेको शेयरको अनुपात ५०.७८ प्रतिशत रहने छ ।

यस बैंकको कार्य सन्जाल मेची देखि महाकाली र हिमाल देखि तराई सम्म फैलिएको छ । विगतको असामान्य परिस्थितिमा विस्थापित भएका ६४ कार्यालयहरु मध्ये हालसम्म ४२ वटा कार्यालयहरु साविकका स्थानमा पूनस्थापना गरी संचालनमा ल्याइएकाछन् । बांकि १७ कार्यालयहरु लाई पनि छिट्टै पूनस्थापना गर्ने तयारी भइरहेको छ । यस बैंकबाट १५२ कार्यालयहरुबाट रकम राख्न र झिक्न सकिने गरि ABBS सेवा उपलब्ध गराईएको छ । यस बैंकका १५८ कार्यालयहरुबाट ADBL Remit सेवा प्रदान भईरहेको छ । चालु आ.व.को अन्तसम्ममा यस बैंकका १८४ वटा कार्यालयहरुलाई पूर्ण बैंकिङ सेवा प्रदान गर्ने गरि रुपान्तरण गर्ने लक्ष राखिएको छ ।

वित्तीय बजारमा हामीले हालसालै वैदेशिक मुद्रा र प्रतित पत्र ( FOREX , LC) को कारोवार समेत शुरु गरेका छौं । Corporate Banking रामशाहपथबाट Prepaid ATM सेवा संचालन भइरहेकोमा CBS - T24 जडान भईसकेका उपत्येकाका कार्यालयहरुमा तत्काल Debit Card सेवा समेत संचालन गर्ने तयारी भैरहेको छ । उपत्यका बाहिका कार्यालयमा समेत यो सेवा विस्तार गर्ने क्रम द्रुत गतिमा अघि बढाईनेछ ।

एशियाली विकास बैंकको वित्तीय र प्राविधिक सहयोगमा ग्रामिण वित्तक्षेत्र विकास कार्यक्रम (Rural Finance Sector Development Cluster Program) अन्तरगत बैंकको पूँजी तथा संस्थागत पूनरसंरचना र सुदृढिकरणको कार्यक्रम संचालन भईरहेको छ । पहिलो चरणको कार्यक्रम सफलता पूर्वक कार्यान्वयन भएकाले एशियाली विकास बैंक र नेपाल सरकार बिच दोश्रो चरणको कार्यक्रम कार्यान्वयनका लागि सन २०१० को December महिनामा सम्झौता सम्पन्न भई यस बैंकलाई ग्रामिण क्षेत्रमा

कार्यक्रम संचालन गर्न ऋण, संस्थागत पूनरसंरचना तथा सुदृढिकरणका लागि सूचना प्रविधि, परामर्श दाता सेवा र तालीम संचालनमा समेत सहयोग प्राप्त भएको छ ।

हामी आज अत्याधुनिक प्रविधि सहितको पूर्ण बैंकिङ् सेवा दिन आतुर छौं । यसै क्रममा २०६८ पौष मसान्त सम्ममा बैंकका ७ वटा कार्यालयहरुमा T24 प्रविधि जडान गरी On line सेवा उपलब्ध गराउन हामी सफल भएका छौं भने चालु आ.व.को असार मसान्त सम्ममा उपत्यकाका २६ वटा कार्यालयहरुवाट समेत यो सेवा उपलब्ध गराउने छौं ।

चालु आर्थिक बर्ष देखि नेपाल सरकार, स्थानीय विकास मन्त्रालयको समन्वयमा यस बैंकका ४२ वटा शाखाहरुबाट **सामाजिक सुरक्षा भत्ताको** प्रथम चैमासिकको रकम वितरण गरिसकिएको छ । गाउं गाउंमा रोजगारीको अवसर सिर्जना गरि विदेश पलायन भइरहेको देशको युवा जनशक्ति स्वदेशमै उत्पादनशील क्षेत्रमा लगाउने सरकारको बृहत उदेश्यमा अग्रसर **" युवा स्वरोजगार कार्यक्रम "** लाई यस बैंक मार्फत संचालन गर्न संम्झौता सम्पन्न भै सकेको छ ।

यस बैंकले हाल एकैसाथ वाणिज्य वित्त, विकास वित्त र लघु वित्त कार्यक्रमहरु संचालन गरिरहेको छ । वाणिज्य वित्त र विकास वित्त कार्यक्रमहरु संचालन गर्दा अन्य सहयोगी निकायहरु संग समेत समन्वय गरी कृषि पेशालाई व्यवसायीकरण गरी उत्पादन बृद्धिगर्नुका साथै रोजगार श्रृजना गर्न " **One Village One Product** ", "**Area Approach**" and "**Total Credit Approach**" जस्ता अवधारणाहरुलाई यस बैंकले गम्भिरतापूर्वक लिएर अगाडी बढाउने अठोट गरेको छ ।

त्यसैगरि लघुवित्त कार्यक्रम अन्तरगत साना तथा लघुउद्यम विकास कार्यक्रम संचालनका लागि कर्जा प्रवाहका साथसाथै **पशु सुरक्षण, तथा वाली सुरक्षण** जस्ता साना कृषक एवं उद्यमीहरुका लागि अत्यान्त महत्व राख्ने कार्यक्रमहरु समेत संचालन गरिएका छन् । साथै लघुवित्त मध्यस्थकर्ता संस्थाहरुलाई थोककर्जा प्रदानगरि कर्जा सेवालाई ग्रामिण तथा दुर्गम क्षेत्रमा समेत हाम्रो कार्यक्रमले व्यापकता पाईरहेको छ ।

गत आर्थिक वर्ष २०६७ / ६८ का साथै चालु आ.व.को मंसिर मसान्त सम्म आइपुग्दा बैंकले वित्तीय सूचकांकहरुमा निम्न अनुसार सुधार गर्न सफल भएको छ :

- आ.व.२०६७ / ६८ मा **कूला रु. ४३ अर्व ५७ करोड कर्जा** प्रवाह र रु. **४२ अर्व ७७ करोड कर्जा असुली** गर्नुका साथै रु. **६ अर्व २८ करोड व्याज असुली** गरी सो आ.व.मा **खूद नाफा रु. १ अर्व ५७ करोड ३१ लाख** आर्जन गरेको थियो ।
- चालु आ.व.को **मंसिर मसान्त** सम्ममा **कूल रु. १८अर्व ३६** करोड कर्जा लगानी गरि, कूल रु. **१७ अर्व ७४ करोड** कर्जा असुली समेत गर्न सफल यो बैंक **कूल रु. २ अर्व २८ करोड व्याज असुली** गरी **जम्मा रु.८६ करोड ८३ लाख मुनाफा** आर्जन गर्न सफल भएको छ ।
- आ.व. २०६७/६८ मा निक्षेप कर्ताको संख्यामा बृद्धि भई कूल ६ लाख ४५ हजार पुग्न गएको र खूद निक्षेप बृद्धि रु १ अर्व ९३ करोड हुनगई **कूल निक्षेप रकम रु. ३४ अर्व ३९** करोड पुगेको मा चालु आ.व. २०६८/६९ को मंसिर मसान्त सम्ममा रु. **२ अर्व ८२ करोडले** बृद्धिभई कूल निक्षेप **रु ३७ अर्व २१ करोड** पुगेको छ ।
- बैंकले चालु आर्थिक वर्ष २०६८/६९ मा रु. **४४ अर्व ७२ करोड** कर्जा प्रवाह गरी रु **४ अर्व**ले लगानीमा बांकि रहने रकम खूद बृद्धिगर्ने, **रु.४० अर्व ८३ करोड** कर्जा असुली गर्ने, **रु ६ अर्व ६९ करोड व्याज असूली** गरी आ.व.को अन्तमा रु. **२ अर्व २९ करोड मुनाफा**_आर्जन गर्ने लक्ष रहेको छ ।
- सरकारको ऋण मोचन कार्यक्रम अन्तरगत, २०६५ सालमा बैंकलाई प्राप्त रकम बैंकको संचित पूंजी कोषमा राखिएकोमा चालु आ.व.मा बैंकको नाफा नोक्सान हिसाबमा मिलान गरिएको छ । यसबाट बैंकको आर्थिक अवस्था थप सवल बन्नुका साथै नाफा उन्मुख रहन पुगेकोछ ।

आजको यस सुखद अवसरमा बैंक प्रति विश्वासका साथ आफ्नो बचत एवं व्यवसायिक आम्दानी यस बैकमा जम्मा गर्नुहुने निक्षेप कर्ताहरु प्रति हामी आभार प्रकट गर्दछौं । साथै यस बैंकको कर्जासेवा बाट कृषि तथा पशुपंछी पालनमा व्यावसायिकरण गर्न, माछा, मासु, अण्डा, दुध, तरकारी तथा फलफूल उत्पादनमा उल्लेखनीय बृद्धि गर्न, रोजगारीका थप अवसरहरुको सृजना गर्न, कृषि जन्य पदार्थको आयात प्रतिस्थापन गर्न, बैकल्पिक उर्जा उत्पादन बढाउन र गरिवी न्यूनीकरणमा प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा टेवा पुऱ्याउनुका साथै सरकारले ग्रामीण क्षेत्रको विकासका लागि लिएको नीति तथा कार्यक्रममा पूर्ण सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछु ।

विद्यमान चुनौतीहरुका वावजुद बैंकलाई प्रत्यक्ष एवं परोक्ष तवरले सहयोग पुऱ्याउनुहुने नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरु, नेपाल राष्ट्र बैंक, एशियाली विकास बैंक तथा अन्य दातृ संस्थाहरु प्रति आभार व्यक्त गर्दछु । बैंकलाई यस अवस्थामा ल्याउन लामो समयदेखि बैंकमा आवद्ध सम्पूर्ण ग्राहक वर्ग तथा कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस समारोहमा २० र २५ बर्ष सेवा अवधि पूरा गरी आज पुरस्कृत हुनलाग्नु भएका कर्मचारी साथीहरुलाई बधाई ज्ञापन गर्नुका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

अन्त्यमा सम्पूर्ण नेपालीहरुको घरदैलोमा आधुनिक बैंकिङ सेवा पुऱ्याई कृषि विकास बैंक लि. लाई सांच्चिकै सबै नेपालीहरुको **"घर आगनको बैंकको"** रुपमा स्थापित गर्ने प्रण गर्दछु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी अति व्यस्तताको वावजुद पनि यस समारोहमा उपस्थितभई हाम्रो हौशला बढाइ दिनुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननिय अर्थ मन्त्रीज्यू, माननीय अर्थ राज्यमन्त्रीज्यू एवं सम्पूर्ण अतिथिज्यूहरुमा बैंकको र मेरो आफ्नो तर्फबाट समेत पुनः हार्दिक स्वागत अभिवादन गर्दै विदा हुन्छु ।

धन्यवाद ।

**प्रमुख कार्यकारी अधिकृत**
श्री तेज बहादुर बुढाथोकी

माघ ०७, २०६८